नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभाग**
(प्रशासन, योजना तथा संस्था दर्ता शाखा)

फोन नं. ४७८२६५६
४७८२६७१
४७८२६४८
४७८२७१०
४७८२६५८
फ्याक्स : ९७७-१-४७८२६१६०६
Emal:- info@dofe.gov.np
it@dofe.gov.np
बुद्धनगर काठमाण्डौ

पत्र संख्या: संस्था-०७८/७९ चलानी नं.

## वैदेशिक रोजगार व्यवसाय संचालन गर्न यस विभागबाट इजाजतपत्र प्राप्त संस्थाको स्वदेशमा शाखा कार्यालय संचालन अनुमति सम्बन्धी सूचना ।

वैदेशिक रोजगार व्यवसाय संचालन गर्न यस विभागबाट इजाजतपत्र प्राप्त संस्थाले स्वेदशमा शाखा कार्यालय खोल्न चाहेमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४(२) तथा नियमावली, २०६४ को नियम ४७(२) र वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुको स्वदेशमा शाखा कार्यालय संचालन सम्बन्धी कार्यविधि, २०७९ को प्रकृया पुरा गरी यस विभागमा निवेदन पेश गर्न सकिने व्यहोरा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

पूनश्च: आवश्यक कागजातहरुको सूची समेत यसैसाथ संलग्न छ ।

प्रकाशित मिति: २०७९/०६/०२

(प्रदीप कुमार ढकाल)
शाखा अधिकृत

# शाखा कार्यालय खोल्नका लागि चाहिने आवश्यक कागजातका चेक लिष्ट

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं

संस्थाको नाम र ठेगाना :

ईजाजत पमाण पत्र नं :

| क्र.स. | विवरण | छ/छैन | कैफियत |
|---|---|---|---|
| १. | शाखा कार्यालय खोल्ने अनुमतिको लागि संस्थाको निवेदन | | |
| २. | शाखा खोल्ने सम्बन्धमा संचालक समितिको निर्णय | | |
| ३. | यसअघि संचालनमा रहेको शाखा कार्यालय भए सोको पूरा ठेगाना, सम्पर्क व्यक्ति र नम्वर | | |
| ४. | वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने इजाजतपत्रको प्रतिलिपी | | |
| ५. | कम्पनी दर्ता, शेयर लगत, कम्पनी अद्यावधिक, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी | | |
| ६. | गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी | | |
| ७. | इजाजतपत्र वापत तोकिए बमोजिमको नगद धरौटी तथा बैंक ग्यारेण्टी जम्मा गरेको प्रमाणको प्रतिलिपी | | |
| ८. | शाखा प्रमुखको नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी | | |
| ९. | शाखा प्रमुखको चालचलन सम्बन्धी प्रहरी प्रतिवेदन | | |
| १०. | शाखा कार्यालयमा काम गर्ने कर्मचारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी | | |
| ११. | शाखा कार्यालयको निरीक्षण प्रतिवेदन (सम्बन्धित श्रम तथा रोजगार कार्यालयको) | | |
| १२. | शाखा कार्यालय रहने घरको घरबहाल सम्झौता | | |
| १३. | शाखा कार्यालयको कार्ययोजना, शाखा कार्यालयको भौतिक पूर्वाधार र जनशक्तिको विवरण | | |
| १४. | अख्तियार प्राप्त कर्मचारी/कानून व्यवसायीको परिचयपत्र र अख्तियारीनामा | | |
| १५. | शाखा कार्यालय वापतको रु.५,००,०००।- नगद धरौटीको राखेको प्रमाण (प्रयोजन खुलेको) | | |

द्रष्टव्य:

१. शाखा कार्यालय खोल्नको लागि वै.रो. व्यवसाय गर्ने इजाजतपत्र लिएको कम्तीमा एक वर्ष पूरा भएको हुनुपर्नेछ ।

२. वार्षिक ३००० जनासम्म कामदार पठाउने लक्ष्य राखेका इजाजतपत्रवालालाई बढीमा ३ वटासम्म, ५००० जनासम्म कामदार पठाउने लक्ष्य राखेका इजाजतपत्रवालालाई बढीमा ५ वटासम्म र ५००० जनाभन्दा बढी कामदार पठाउने लक्ष्य राखेका इजाजतपत्रवालालाई बढीमा ६ वटासम्म शाखा कार्यालय खोल्न अनुमति दिन सकिनेछ तर एक प्रदेशमा एकभन्दा बढी शाखा कार्यालय हुनुहुनेछैन ।

३. प्रस्तावित शाखा कार्यलयको भौतिक पूर्वाधार निरीक्षण तथा प्रतिवेदन यस विभागबाट तोकिएपछि मात्र गर्नुपर्नेछ ।

४. उपरोक्त बमोजिमका कागजातहरुको प्रतिलिपी सम्बन्धित संस्थाको प्रमुखले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

२०७५।३।२

प्रदीप कुमार ढकाल
शाखा अधिकृत